Regd. No.: 67/050/51 CDO, 1399/050/51 SWC

# राष्ट्रिय अपाङ्ग महासंघ–नेपाल

## NATIONAL FEDERATION OF THE DISABLED-NEPAL (NFDN)

Member: Disabled Peoples' International (DPI): Asia Pacific Disability Forum (APDF)

(Towards Inclusive, Barrier Free and Right Based Society for the Persons with Disabilities)

1993

Ref.: ०७९/०८०/ ३६

मिति : २०७९/०५/२३

श्री अध्यक्ष ज्यू,

राष्ट्रिय अपाङ्ग महासंघ नेपालका सम्पूर्ण सदस्य संस्थाहरु ।

**विषय : महाधिवेशन तथा वार्षिक साधारण सभाको निमन्त्रणा ।**

उपर्युक्त सम्बन्धमा राष्ट्रिय अपाङ्ग महासंघ नेपालको २०७९ भाद्र २२ को निर्णय अनुसार निम्न मिति, समय र स्थानमा महासंघको ९औँ महाधिवेशन तथा २१औँ वार्षिक साधारण सभा आयोजना हुन गइरहेको सहर्ष जानकारी गराउँदछु ।

उक्त महाधिवेशन तथा साधारण सभामा यहाँको संस्थाबाट महासंघको विधान अनुसार कार्यसमितिमा १००% अपाङ्गता भएका व्यक्तिहरुको संस्थाबाट एक जना महिला (अनिवार्य) सहित २ जना प्रतिनिधि र कार्यसमितिमा ५१% अपाङ्गता भएका व्यक्तिहरु रहेको संस्थावाट १ जना प्रतिनिधि र कार्यसमितिमा ५१% भन्दा कम अपाङ्गता भएका व्यक्तिहरु रहेको संस्थाबाट १ जना पर्यवेक्षक छनौट गरी २०७९/६/१० गतेभित्र मात्र सम्बन्धित प्रदेश कार्यालय मार्फत देहायका कुराहरु सुनिश्चित हुने गरि लिखित रुपमा पठाइ महाधिवेशन तथा साधारण सभामा सहभागी हुन सादर निमन्त्रणा गरिन्छ । एक पटक पठाइएको प्रतिनिधिहरुको नामावली संशोधन हुने छैन् ।

**साधारण सभा तथा कार्यक्रम**

मिति : २०७९ असोज २७ र २८ गते ।

स्थान : नेपालगञ्ज, बाँके

उद्घाटन समय : २०७९ असोज २७ गते बिहान ९ बजे ।

**सभाका प्रस्तावहरु**

१. महासचिवको वार्षिक प्रगति प्रतिवेदन तथा भावी कार्यक्रम ।
२. कोषाध्यक्षको आर्थिक प्रगति प्रतिवेदन तथा आगामी वर्षको अनुमानित आय व्यय विवरण ।
३. लेखा परीक्षकको नियुक्ति ।
४. संघीय कार्य समितिको निर्वाचन ।
५. विविध

**प्रतिनिधि पठाउदा ध्यान पुर्याउने पर्ने :**

1. साधारण सभामा भाग लिन आउने सहभागीले यातायातको लागि प्रतिनिधि स्वयंम वा सम्वन्धित संस्थाले नै व्यहोर्नु पर्नेछ ।

Central Office: Bhrikutimandap, Kathmandu, Nepal, Post Box No.: 9188, Tel. : +977 1 4231159 Fax : +977 1 4229522
E-mail: info@nfdn.org.np, Website: www.nfdn.org.np

"Nothing About Us Without Us"

CamScanner

Regd. No.: 67/050/51 CDO, 1399/050/51 SWC

# राष्ट्रिय अपाङ्ग महासंघ–नेपाल

NATIONAL FEDERATION OF THE DISABLED-NEPAL (NFDN)

Member: Disabled Peoples' International (DPI) Asia Pacific Disability Forum (APDF)

(Towards Inclusive, Barrier Free and Rights Based Society for the Persons with Disabilities)

Ref.:

२. कार्यसमितिमा ५१% भन्दा कम अपाङ्गता भएका व्यक्तिहरु रहेको संस्थाबाट १ जना मात्र पर्यवेक्षक स्वीकार गरिनेछ ।

३. प्रतिनिधि छनौट गर्दा सम्बन्धित संस्थाको निर्णय प्रतिलिपि, प्रतिनिधिहरुको नाम सहित लेटरप्याडमा निवेदन र प्रतिनिधिको लागि तोकिएको फारम तोकिएको समयभित्र अनिवार्य भरी पठाउनु पर्नेछ ।

४. प्रतिनिधिको नामावाली प्राप्त भइसकेपछी महासंघको वेवसाइट मार्फत सार्वजनिकरण गरिनेछ । त्यसपछी नामावली थपघट र संशोधन हुने छैन ।

५. २०७९ असोज १० भित्र प्रतिनिधि तथा पर्यवेक्षकको नाम प्राप्त नभएका सदस्य संस्थाहरुलाई सभामा सहभागी गराउन महासंघ बाध्य हुने छैन ।

..............................

(राजु बस्नेत)

महासचिव

Central Office: Bhrikutimandap, Kathmandu, Nepal, Post Box No.: 9188, Tel. : +977 1 4231159 Fax : +977 1 4229522

E-mail: info@nfdn.org.np, Website: www.nfdn.org.np

"Nothing About Us Without Us"